
# राणाकालमा फस्टाएको ट्युसन-पेशा




■ देवेन्द्र उप्रेती

'मास्टरहरूले प्राइभेट ट्युसन लिंदा सञ्चालक समितिको इजाजत लिनुपर्दछ। विशेष कारण नपरी खासगरी आठौं श्रेणी माथिको शिक्षकलाई आफूले पढाएका लड्कालाई सोही विषयमा प्राइभेट ट्युसन लिने इजाजत दिनुहुँदैन।' -१९९६ *सालको शिक्षा इस्तिहार*

यो लेख राणाकालको उत्तरार्द्धमा काठमाडौं उपत्यकामा फस्टाएको स्वतन्त्र शिक्षण (ट्युसन) मा केन्द्रित छ। दरबार स्कूल खुलेको करीब ७० वर्षपछि सामुदायिक पहल र राणाहरूको अनुमतिमा ललितपुर र भक्तपुरमा क्रमशः पाटन स्कूल (सन् १९२४) र भादगाउँ मिडिल इङ्गलिस स्कूल (हाल श्री पद्म मावि) स्थापना भए। सन् १९३० को दशकमा उपत्यकामा 'आधुनिक' अर्थात् अंग्रेजी, भूगोल, इतिहास, विज्ञान जस्ता विषय पढाइने यिनै तीन वटा स्कूल थिए।

आधुनिक शिक्षाप्रति समुदायमा बढ्दै गएको माग धान्न काठमाडौं उपत्यकामा रहेका यी तीन स्कूलले मात्र सक्ने अवस्था थिएन। सन्तानलाई आधुनिक शिक्षा दिन चाहने अभिभावकको संख्या वृद्धि भएकै अनुपातमा स्कूलको संख्या वृद्धि नहुँदा अन्ततः घरघरै अंग्रेजी पढ्ने-पढाउने चलन विस्तारित हुनपुग्यो । योसँगै बालबच्चा पढाउनका लागि 'ट्युटर' को माग पनि बढ्न थाल्यो। त्यसबाट ब्रिटिश-भारतका साना ठूला शहर– बेतिया, पटना, लखनऊ, इलाहावाद र कलकत्ता– आदिबाट अंग्रेजी पढेर आउनेका लागि यहाँ स्वतन्त्र-शिक्षण (ट्युसन) जीविका उपार्जनको एउटा पेशा समेत बन्न गयो।

यतिसम्म कि, सन् १९२० पछि स्वतन्त्र-शिक्षण (ट्युसन) पठनपाठनको एक प्रमुख पद्धति/धारकै रूपमा उपत्यकामा देखा पऱ्यो। शासकले नचाहँदा नचाहँदै पनि जनस्तरमा यस्तो शैक्षिक चेत विस्तारित हुनुमा मूलतः वैश्विक कारणहरू जिम्मेवार थिए। ब्रिटिश-भारतमा त्यतिबेला भारतीय स्वतन्त्रताको आन्दोलन उत्कर्षतिर लम्किंदै थियो। सामाजिक-सांस्कृतिक रूपान्तरणका लागि त्यहाँ स्थापित ब्रह्म समाज (स्था. सन् १८२८) र आर्य समाज (स्था. सन् १८७५) जस्ता संस्थाका सङ्गठित गतिविधिका कारण पनि भारतीय समाज परिवर्तित हुँदै थियो। त्यहाँ सार्वजनिक शिक्षा प्रवर्धनका लागि गाउँ शहरमा भटाभट स्कूल-कलेज खुल्दै थिए। र, विभिन्न भाषामा पत्रपत्रिका एवं पुस्तक प्रकाशनको लहर फैलिंदो थियो।



रामप्रसाद मानन्धर (स्रोत, मदनकुमार भट्टराई। २०६०। *चार कूटनीतिज्ञ*।

सीमापारि भएका यस्ता राजनीतिक-सांस्कृतिक उथलपुथलबाट आफ्ना 'रैती' प्रभावित नहोउन् भन्नेमा राणा शासकहरू सचेत थिए। तर, जति नै सचेत भए पनि सीमापार आफ्नै आँखा अगाडि भएका यी गतिविधि/आन्दोलनको प्रभाव रोक्न सक्ने तागत उनीहरूसँग थिएन। नेपालमा पनि यस्तै गतिविधि गर्न पाए हुन्थ्यो भन्ने नयाँ नेपाली पुस्ता तयार हुँदै थियो। संक्षेपमा भन्दा नेपालीजनमा 'आधुनिक' शिक्षाप्रति चर्को लगाव पैदा गर्नमा भारतीय उपमहाद्वीपभित्र त्यतिबेला भएका राजनीतिक, सामाजिक, सांस्कृतिक एवं शैक्षिक आन्दोलनले महत्वपूर्ण भूमिका खेलेका थिए। यसका केही

आन्तरिक कारण पनि थिए। विस्तारित हुँदै गएको राणा नोकरशाही तन्त्रलाई व्यवस्थित रूपमा चलाउनका लागि लेखपढ/हिसाबकिताब गर्न सक्ने योग्य कारिन्दा जरुरत पर्थ्यो। साथै, व्यापार र गैरकृषि क्षेत्रमा जीविका धान्न समेत लेखपढ आवश्यक हुँदै गयो। यी कुरा बुझेका अभिभावकले आफ्ना सन्तानको शिक्षामा जोड दिन थाले। यसबाहेक; त्यतिबेलाका केही घटनाले समेत अभिभावकहरूलाई आफ्ना बालबच्चा पढाउन प्रेरित गरेका थिए। त्यसमध्येको एउटा प्रसंग हो– दरबार स्कूलका एक विद्यार्थी रामप्रसाद मानन्धर (सन् १९१४-१९८८) ले शैक्षिक क्षेत्रमा पाएको सफलता। *(तस्बिर-१)*

सन् १९२९ मा पटना विश्वविद्यालयले लिएको म्याट्रिकुलेशन जाँचमा दरबार स्कूलका विद्यार्थी रामप्रसाद मानन्धर प्रथम भए। आईए (सन् १९३१), बीए (सन् १९३३) र एमए (सन् १९३५) मा समेत उनले पटना विश्वविद्यालय 'टप' गरे। मानन्धरले शिक्षामा पाएको सो सफलताले काठमाडौंमा पैदा गरेको उमङ्ग र सनसनीलाई उनका समवयी सरदार भीमबहादुर पाँडेले तेन्जिङनोर्गे शेर्पा सगरमाथाको टुप्पामा पुग्दा समस्त नेपालले गरेको हर्षको अनुभवसँग तुलना गर्दै लेखेका थिए '...शैक्षिक क्षेत्रमा नेपालीले अन्तर्राष्ट्रिय ख्याति प्राप्त गरेको यो पहिलो पटक थियो– गोर्खालीहरूले पहिलो महायुद्धमा अनेक भी.सी. पाए झैं'। *(भीमबहादुर पाँडे, त्यस बखतको नेपाल (भाग १), २०३९)।*

पाँडेले भने झैं, मानन्धरले शिक्षामा प्राप्त गरेको सो सफलता-सम्मान समाजमा देखेपछि कैयौं अभिभावकले आफ्ना सन्तानलाई पहिलो पटक स्कूल पठाएका थिए। एक सामान्य विद्यार्थीले पाएको शैक्षिक सफलताले समाजमा पार्न सक्ने दूरगामी प्रभाव बुझ्नका लागि यो एक राम्रो उदाहरण पनि हो।

### स्कूलको अभावमा फैलिएको 'ट्युसन'

सन् १९३० को दशकमा पनि दरबार स्कूलमा सर्वसाधारणका सन्तानले भर्ना पाउन कठिन थियो । दरबार स्कूलमा त्यतिबेला भर्ना नपाएका बारे काठमाडौं उपत्यकाका प्रथम जननिर्वाचित मेयर जनकमान श्रेष्ठले एक प्रसङ्गमा भनेका छन्– 'दरबार स्कूलमा सितिमिति साधारण तरिकाले भर्ना हुनसक्ने अवस्था थिएन। त्यहींको शिक्षकले २ महिनासम्म कक्षामा हाजिर बसाई राखेर पनि भर्ना हुन सकिनँ र महावीर इन्स्टिच्युटमा भर्ना हुनपुगें'। *(हराएको इतिहास : जननिर्वाचित प्रथम मेयर तथा न्यायाधीश जनकमान श्रेष्ठको जीवन गाथा, २०७६)।*

श्रेष्ठ जस्ता सामान्यजनको त कुरै छोडौं, राज्य संयन्त्रमा पहुँच भएकालाई समेत दरबार स्कूलमा आफ्ना बच्चा भर्ना गर्न त्यतिबेला हम्मेहम्मे पर्थ्यो । सो स्कूलमा भर्ना पाउन गरेको सङ्घर्षबारे दयारामभक्त माथेमाले लेखेका छन् '...दरबार हाईस्कूलमा पढ्ने मेरो तीव्र इच्छा थियो । त्यस विद्यालयमा भर्ना हुन शिक्षा विभागका डाइरेक्टर जनरलको स्वीकृति चाहिन्थ्यो । त्यसैले मैले डाइरेक्टर जनरल कहाँ पहुँच भएका धेरै जनालाई भर्नाका लागि सघाउन निवेदन गरें तर केही लागेन' । *(दयारामभक्त माथेमा, अनुभव र अनुभूति : जीवन यात्राका ऐतिहासिक मोड, २०७३)* । अन्ततः माथेमा आफैंले दरबार स्कूलमा पढ्नका लागि बिन्ती चढाएपछि

आफ्ना सन्तान स्कूलमा भर्ना गर्न नसकेपछि अभिभावकहरू बालबालिका पढाउनका लागि 'मास्टर' खोज्थे या यस्तै मास्टरले अनौपचारिक रूपमा खोलेका ट्युसन सेन्टरमा भर्ना गरिदिन्थे।

तत्कालीन शिक्षा डाइरेक्टरले स्कूलका प्रधानाध्यापक बोधविक्रम अधिकारीलाई निर्देशन दिएर उनी दरबार स्कूलमा भर्ना हुन पाएका थिए । भर्खरै स्थापना भएका पाटन स्कूल र भादगाउँ मिडिल इङ्गलिस स्कूलमा पनि त्यतिबेला भर्ना पाउन सहज थिएन। चाहेर पनि आफ्ना सन्तान स्कूलमा भर्ना गर्न नसकेपछि अभिभावकहरू बालबालिका पढाउनका लागि 'मास्टर' खोज्थे या यस्तै मास्टरले अनौपचारिक रूपमा खोलेका ट्युसन सेन्टरमा भर्ना गरिदिन्थे।

ट्युसन पढाउने कार्यमा सक्रिय व्यक्ति या उनीहरूसँग कुनै समय पढेका व्यक्तिका संस्मरण अध्ययन गर्दा सन् १९३० र १९४० को दशकमा उपत्यकामा मोटामोटी तीन प्रकारका स्वतन्त्र शिक्षण सिकाइ अभ्यास प्रचलनमा थिए। पहिलो, 'ट्युसन' पढाउनका लागि शिक्षक घरघरै जाने। विशेषगरी शासक-कुलीन एवं सम्भ्रान्त परिवारमा शिक्षक आफैं गएर उनीहरूका बालबालिका पढाउने चलन थियो। लेखनाथ पौड्याल, नन्दराम उप्रेती, वाक्पतिराज जोशी आदि। राणा शाह एवं सत्ता वरिपरि रहेका भाइ-भारदार, गुरु-पुरोहित, शासन-प्रशासनमा माथिल्लो दर्जामा काम गर्नेहरूका सन्तानका शिक्षक थिए । दोस्रो, पढाउनका लागि घरघरै पनि जाने र आफ्नै घरमा पनि पढाउने; जस्तै- लक्ष्मीप्रसाद देवकोटा, आत्माराम उप्रेती, दमनराज तुलाधर आदि। र, तेस्रो आफ्नै घर या कुनै निश्चित स्थान (सार्वजनिक सत्तल या मन्दिर)मा समुदायका बालबच्चा भेला पारी पढाउने। उदाहरणका लागि; जगतसुन्दर मल्ल, चन्द्रमानसिंह मास्के, मास्टर जगतलाल (जगतलाल श्रेष्ठ) र चिनियाँलाल सिंह आदि। राणाकालको पछिल्ला दिनमा पुरुष मात्र होइन, सीमित महिला समेत स्वतन्त्र शिक्षण कार्यमा संलग्न थिए, उदाहरणका लागि चन्द्रकान्ता मल्ल र हिरादेवी यमी।

पहिलो र तेस्रोको तुलनामा त्यतिबेला दोस्रो प्रकृति–पढाउन घरघरै जाने र आफ्ना घरमा पनि ट्युसन चलाउने–शिक्षक ज्यादा थिए। उदाहरणका लागि सन् १९१९ मा कलकत्ता विश्वविद्यालयबाट पहिलो श्रेणीमा इन्ट्रेस उत्तीर्ण गरेका आत्माराम उप्रेती सन् १९३० को दशकमा काठमाडौंमा कहलिएका ट्युसन मास्टर थिए । नेपाली बाहेक एसएलसीसम्मका जुनसुकै विषय (कोर्स) पनि पढाउन सक्ने क्षमता उनीसँग थियो । काठमाडौंका अलिक धनीमानी र सम्भ्रान्तका घरघर चहार्दै दैनिक चार-पाँच ठाउँमा ट्युसन पढाउनु उनको दैनिकी थियो।

यसरी घरघरै पुगेर ट्युसन पढाउनेमा आत्माराम उप्रेती एक्ला व्यक्ति भने होइनन्। सन् १९३० को दशकको अन्त्य र १९४० को सुरुआती वर्षतिर ट्युसन पढाउन थालेका दमनराज तुलाधरले आफ्नो स्वतन्त्र शिक्षण कर्मबारे लेखेका छन्– 'बिहान ६ बजे बालुवाटार सिंहराज पुरोहितकहाँ, ८ बजेदेखि रोहनीराज पुरोहित,

११-४ सम्म जुद्धोदय स्कूल, ४:३० देखि पुल्चोक प्रह्लाद शमशेरको घर, साँझ ६:३० बजे घर फर्किएर थप ४-५ जना केटाहरू पढाउने गर्थे' । ट्युसनको व्यस्तताबारे तुलाधरले थप लेखेका छन्- 'त्यसबेला ट्युसन पढ्न कमल दीक्षित पनि आउने गर्थे । त्यसैबेला विष्णुप्रसाद धितालालाई पनि पढाइदेऊ भनी मृगेन्द्र शमशेरले जोड गर्दा मैले समय नभएको जानकारी दिएँ । कसैलाई निकालेर भए पनि पढाउनै पर्ने कुरामा उनले विशेष जोड दिंदा पनि मैले स्वीकार गर्न सकिनँ' *(दमनराज तुलाधर, २०३०, संग्रह प्रकाशन)*। तुलाधरको यो कथनले त्यतिबेला उनको ट्युसन व्यस्ततालाई बुझाउन सहयोग गर्छ।



जगतलाल मास्टर (बायाँबाट दोस्रो) आफ्ना विद्यार्थीसँग। यो तस्बिर सन १९३२ मा खिचिएको थियो (स्रोत, इन्टरनेट आर्काइभ)

दरबार स्कूलमा भर्नाका लागि स्कूलले लिने मौखिक-लिखित परीक्षामा उत्तीर्ण हुन सकुन् भन्ने उद्देश्यले समेत त्यतिबेला केही अभिभावकले आफ्ना सन्तानलाई पहुँचवाला शिक्षककहाँ ट्युसन हाल्ने चलन थियो। सन् १९०५ आसपास काठमाडौंमा जन्मिएका विष्णुभक्त प्रधान एक यस्तै पहुँचवाला शिक्षक थिए जोसँग पढ्दा दरबार स्कूलमा भर्ना पाउने सम्भावना ज्यादा रहन्थ्यो। उदाहरणका लागि तीन वर्ष जति विष्णुभक्त प्रधानसँग अंग्रेजी, गणित र नेपाली पढी सन् १९३७ तिर दरबार स्कूलमा आठौं श्रेणीमा भर्ना हुन पुगेका न्हुछेबहादुर बज्राचार्यले विष्णुभक्तबारे लेखेका छन्– 'दरबार स्कूलमा विद्यार्थी भर्ना व्यवस्थापन गर्नेहरूमाथि विष्णुभक्त प्रधानको उल्लेखनीय प्रभाव थियो। त्यसैले दरबार स्कूलमा मलाई भर्ना गराउन उनलाई अलिक सहज भयो' *(न्हुछेबहादुर बज्राचार्य, द स्टोरी अफ माइ लाइफ, सन् १९९८)*।

अब तेस्रो प्रकृतिको 'ट्युसन' बारे चर्चा गरौं । अंग्रेजी पढ्न चाहने तर दरबार स्कूलमा भर्ना नपाएकाहरूलाई लक्षित गरेर 'ट्युटर'ले आफ्नै घरमा स्कूल खोलेका थिए। सन् १९२० को मध्य दशकदेखि घरमै बालबच्चा पढाउन शुरु गरेका जगतलाल मास्टर यस्तै व्यक्ति थिए। त्यसरी पढाउने काम शुरु गरेको केही समयमै उनको प्रख्याति फैलियो। थुप्रै स्थानीयले आफ्ना बालबच्चा जगतलाल मास्टरको घरमा पठाउन थाले । बालबच्चा पढाउनका लागि उनले आफ्नै घरमा दुई वटा फराकिला कोठा छुट्याएका थिए। १९३० को सुरुआततिर उनको घर स्कूल जस्तै बनिसकेको थियो, जहाँ दैनिक ५०/६० जना विद्यार्थी ५-६ घण्टा पढ्ने गर्दथे। *(तस्बिर २)*। खासमा मास्टर जगतलालको यो घरेलु स्कूल त्यतिबेला नेपालका विभिन्न गाउँठाउँमा खोलिएका 'पिंढी पाठशाला', 'दलाने पाठशाला' र 'आँगने पाठशाला' कै स्वरूपको थियो। पिंढी पाठशालामा संस्कृत/नेपाली भाषा पढाइन्थ्यो भने यहाँ चाहिं अंग्रेजी, गणित र भूगोल जस्ता 'आधुनिक' विषयको पठनपाठन हुन्थ्यो।

स्वतन्त्र-शिक्षण आम्दानीका हिसाबले समेत त्यतिबेला आकर्षक पेशा मानिन्थ्यो। सन् १९११ मा कलकत्ताबाट म्याट्रिक पास गरेका लेखनाथ देवकोटा सन् १९३० तिर ट्युसन पढाएर मासिक २-३ सय रुपैयाँ कमाउँथे। दाइको यस्तो कमाइ देखेर लक्ष्मीप्रसाद देवकोटा पनि ट्युसन पढाउन थालेका थिए। सन् १९३० दशकको अन्त्यतिर स्वतन्त्र शिक्षण शुरु गरेका दमनराज तुलाधरले ट्युसन पढाएर मासिक ४०० आम्दानी गर्थे भनी आफ्नो संस्मरणमा लेखेका छन्, जबकि सन् १९४० तिर दरबार स्कूलमा पढाउने शिक्षकको मासिक तलब १०० देखि १५० रुपैयाँ जति मात्र थियो। फेरि, मास्टर भएपछि समाजमा एक प्रकारको मान-सम्मान पनि हुने भइहाल्यो।

## राज्यको निगरानीमा स्वतन्त्र शिक्षण

यसरी पढेलेखेका मानिसहरूले ट्युसनका नाउँमा व्यक्तिका घर, गोठ तथा सार्वजनिक सत्तल, पाटी, मन्दिर आदिमा बालबालिका जम्मा पारी पढाउन थालेपछि राणा राज्य संयन्त्र यसप्रति सजग र सशङ्कित भएको थियो। यसको पुष्टि अप्रिल, १९३९ मा जुद्ध शमशेरले जारी गरेको *'पहिलो शिक्षा इस्तिहार, १९९६'* (इस्तिहार) मा 'प्राइभेट ट्युसन' बारे उल्लिखित प्रावधानले गर्छ । सो इस्तिहारमा लेखिएको छ : *'मास्टरहरूले प्राइभेट ट्युसन लिंदा सञ्चालक समितिको इजाजत लिनुपर्दछ। स्कूलको पढाइमा हानि हुने गरी यस्तो इजाजत दिनुहुँदैन। विशेष कारण नपरी खासगरी अष्ट श्रेणी माथिको शिक्षकलाई आफूले पढाएका लड्कालाई सोही विषयमा प्राइभेट ट्युसन लिने इजाजत दिनुहुँदैन। इजाजत दिएमा सोको विशेष कारण खोल्नुपर्छ'*।

'मास्टरहरूले प्राइभेट ट्युसन लिंदा सञ्चालक समितिको इजाजत लिनुपर्दछ' भन्ने इस्तिहारको प्रावधान हेर्दा सामान्य लागे पनि यसको प्रभाव गहिरो थियो। सो इस्तिहार अनुसार स्कूल सञ्चालक समितिमा जिल्लामा बडाहाकिम र सदरमुकाममा असिस्टेन्ट डाइरेक्टर या निजको असिस्टेन्ट रहने व्यवस्था थियो।

यस प्रावधान मार्फत ट्युसन पढाउने मास्टरलाई राज्य अर्थात् बडाहाकिम/असिस्टेन्ट डाइरेक्टरको प्रत्यक्ष निगरानीमा पार्ने व्यवस्था गरिएको देखिन्छ। 'प्राइभेट ट्युसन' सम्बन्धी मात्र होइन, इस्तिहारमा दिइएका अन्य प्रावधानलाई अलिक गहिरिएर हेर्दा यसले शिक्षाको प्रचारभन्दा पनि जनस्तरमा फैलिंदै गएको शैक्षिक विस्तारलाई राज्यको निगरानीमा ल्याउने प्रयत्न गरेको थियो।